आज मिति २०७४ पुस २० गतेका दिन व्यास नगरपालिका नगर कार्यपालिका प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णयहरु देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| - | नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - | नगर उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| - | वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - | वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - | वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - | वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - | वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | अनुपस्थिती |
| - | वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थिती |
| - | वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - | वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - | वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - | वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - | वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - | कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | ,, |
| - | कार्यकारीणी सदस्य | श्री केशबहादुर सुनार | ,, |
| - | कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | ,, |
| - | कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - | कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - | कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - | कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - | कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - | सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |
| - | सामान्य प्रशासन शाखा | श्री कुमारकञ्चन जि.सी | ,, |
| - | लेखा अधिकृत | श्री मेघनाथ आचार्य | ,, |
| - | कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | ,, |

**निर्णय न १:** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (LGCDP) कार्यक्रमको सामाजिक परिचालन गर्न छनौट भएका सेवा प्रदायक संस्था (LSP) ग्रामिण शसक्तिकरण समाज तनहुँलाई म्याद समाप्त भएको मितिदेखि २०७४ पौष १६ सम्म म्याद थप गरी नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं २:** साविक संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत संचालन भएको स्थानीय शासन सामुदायिक विकास कार्यक्रम (LGCDP) यही २०७४ पौष १६ बाट कार्यक्रम समाप्ति (Phese Out) भएको भन्ने मन्त्रालयको मिति २०७४।९।१४ च.न २६ को पत्रद्वारा जानकारी भएकोले हाल वडा कार्यालयहरुमा सहयोगीको रुपमा कार्यरत सामाजिक परिचालकहरुको तलब भत्ता मन्त्रालयबाट प्राप्त नहुने भएकाले वडा तहमा कामको बोझलाई मध्यनजर गर्दा साविकमा कार्यरत सामाजिक परिचालकहरु आवश्यक पर्ने भएकाले नगरपालिकाको आन्तरिक बजेटबाट तलब भत्ता उपलब्ध गराउने गरी २०७५ असार मसान्तसम्मका लागि साविकको सेवा प्रदायक संस्था (LSP) ग्रामिण सशक्तिकरण समाज तनहुँलाई साविकमा उपलब्ध आएका २० जना सामुदायिक परिचालकहरु बढीमा २०७५ असार मसान्तसम्म उपलब्ध गराउन अनुरोध गरी उक्त संस्थासँग सेवा करार गर्ने निर्णय गरियो ।